# तानसेननगरपालिकाको आर्थिक ऐन २०७४

नगरसभाबाट स्वीकृत मिति: २०७४।०५।२७

**प्रस्तावना:**तानसेन नगरपालिकाको आर्थिक बर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयनगर्नको निमित्त स्थानीय कर तथाशूल्क संकलनगर्ने, छूट दिने, जरिवानालगाउने तथाआय संकलनको प्रशासनिकव्यवस्थागर्न वाञ्छनीयभएकोले

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिमतानसेन नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्तनाम र प्रारम्भ**:(१) यस ऐनको नाम"**आर्थिक ऐन, २०७४**" रहने छ ।

(२) यो ऐनतानसेन नगरपालिका क्षेत्र भित्रतूरुन्तप्रारम्भ हूनेछ ।

२. **सम्पत्ति कर**: तानसेन नगरपालिका क्षेत्र भित्र अनूसुची (१) बमोजिमएकिकृत सम्पत्तिकर लगाईने र असूलउपर गरिने छ ।

३. **भुमि कर (मालपोत)**:बक्यौता रकमअसूलउपर गर्ने प्रयोजनको लागितानसेन नगरपालिका क्षेत्र भित्र अनूसुचि (२) बमोजिमभुमि कर (मालपोत) असूलउपर गरिने छ ।

४. **घर बहाल कर**: तानसेन नगरपालिका क्षेत्र भित्रकूनै व्यक्तिवा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम टहरा, छप्पर, जग्गावापोखरी पूरै वाआंशिकतवरले बहालमादिएकोमा अनूसुचि (३) बमोजिम २ प्रतिशतबहालकर लगाईने र असूलउपर गरिनेछ ।

५. **व्यवसाय कर**:तानसेन नगरपालिका क्षेत्र भित्रव्यापार, व्यवसायवा सेवामा पुँजीगतलगानी र आर्थिक कारोबारका आधारमा अनूसुचि (४) बमोजिमव्यवसाय कर लगाईने र असूलउपर गरिने छ ।

६. **सवारी कर**: तानसेन नगरपालिका क्षेत्रभित्रदर्ता भएका र दर्ता हूनआएका सवारी साधनमा अनूसुचि (५) बमोजिमबार्षिक सवारी कर लगाईने र असूलउपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमाअन्यथाव्यवस्थाभएको अवस्थामा सोहीबमोजिमहूनेछ ।

७. **विज्ञापन कर**: तानसेन नगरपालिका क्षेत्र भित्रव्यापार व्यवसायप्रवर्द्धनको लागिहूने विज्ञापन सामाग्रीमा अनूसुचि (६) बमोजिमविज्ञापन कर लगाईने र असूलउपर गरिनेछ

। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमाअन्यथाव्यवस्थाभएको अवस्थामा सोहीबमोजिमहूनेछ ।

८ **मनोरञ्जन कर:** तानसेन नगरपालिका क्षेत्रभित्रहूने मनोरञ्जन व्यवसाय सेवामाअनूसुचि (७) बमोजिममनोरञ्जन कर लगाईने र असूलउपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमाअन्यथाव्यवस्थाभएको अवस्थामा सोहीबमोजिमहूनेछ ।

९. **पटके सवारी कर:** तानसेन नगरपालिका क्षेत्रभित्रनगरपालिकाको आफ्नो लगानीमा बनेको र मर्मत संम्भार गरिएको सडकमा अनूसुचि (८) बमोजिमपटके सवारी कर लगाईने र असूलउपर गरिनेछ ।

१०. **बहालबिटौरी शूल्क:**तानसेन नगरपालिका क्षेत्रभित्रआफूले निर्माण, रेखदेख वा संचालन गरेका अनूसुचि (९) माउल्लेख भएअनूसार हाटबजार वापसलमा सोही अनूसुचिमाभएको व्यवस्थाअनूसार बहालविटौरी शूल्कलगाईने र असूलउपर गरिनेछ ।

११. **पार्किङ शूल्क:**तानसेन नगरपालिका क्षेत्रभित्रकूनै सवारी साधनलाई पार्किङ सूविधाउपलब्ध गराएवापत अनूसुचि (१०) बमोविमपार्किङ शूल्कलगाईने छ र असूलउपर गरिनेछ ।

१२. **सेवाशूल्क, दस्तूर:** तानसेन नगरपालिकाले निर्माण, संचालनवाव्यवस्थापन गरेका अनूसुचि (११) माउल्लेखित स्थानीयपुर्वाधार र उपलब्ध गराईने सेवामा सेवाग्राहीबाट सोही अनूसुचिमाव्यवस्थाभएअनूसार सेवाशूल्क, दस्तूर कर लगाईने र असूलउपर गरिनेछ

१३. **पर्यटन शूल्क:**नगरपालिकाले आफ्नो क्षेत्रभित्रप्रवेश गर्ने पर्यटकहरुबाट अनूसुचि (१२)माउल्लेखितव्यहोरा बमोजिमहूनेछ तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमाअन्यथाभएको अवस्थामा सोहीबमोजिमहूनेछ ।

१४. **जग्गाप्लटिङ्ग:**नगरपालिकाले कानुनले तोके बमोजिमको प्रक्रिया पुरा गरि जग्गाप्लटिङ्गगर्दा लाग्ने शूल्क अनूसुचि (१३) बमोजिमहूनेछ । साथै नगरपालिकाले प्रक्रिया पूरा गरी जग्गाप्लटिङ्गको परमिट तथा घडेरी खार्ने तथापूर्ने अनूमतिप्रदानगर्ने शूल्क समेत सोही अनूसुचिबमोजिमहूनेछ ।

१५. **नक्सापास सम्बन्धमा:**नगरपालिका क्षेत्रभित्रनक्सापास गर्दा लाग्ने दस्तूर अनूसुचि (१४) बमोजिमलगाईने र असूलउपर गरिनेछ ।

१६. **सरसफाई शूल्क:**नगरपालिका क्षेत्रभित्र सरसफाई सेवादिएवापतको सरसफाई शूल्क अनूसुचि (१५) बमोजिमलगाईने र असूलउपर गरिने छ ।

१७. **भाडा दस्तूर:**नगरपालिकाले दिने अन्य सेवाहरुको भाडा दर अनूसुचि (१६) बमोजिमलगाईने र असूलउपर गरिनेछ ।

१८. **दण्ड जरिवाना:**नगरपालिकाले स्वीकृत गरेको कानूनको उल्लंघन गर्ने व्यक्ति, वा संस्थालाई अनूसुचि (१७) बमोजिम दण्ड वा जरिवानागरिनेछ ।

१९. **सूचिकृत शुल्क:**नगरपालिका क्षेत्रभित्रकार्य क्षेत्र बनाई वाकार्यालय राखीकार्यक्रम संचालनगर्ने गैर सरकारी संस्थएवं स्काभेटर, भ्याकूलोडर जस्ता उपकरणको लागि अनूसुचि (१८) बमोजिमबार्षिक सचिकृत शूल्कलगाईने र असूलउपर गरिनेछ ।

२०. **कर तथाशूल्क संकलन सम्बन्धीकार्यविधि:** यो ऐनमाभएको व्यवस्थाअनूसार कर तथाशूल्क संकलन सम्बन्धीकार्यविधितानसेन नगरपालिकाले तोके अनूसार हूनेछ ।

२१. **नक्सापास दस्तूर छूट:** भूकम्पबाट प्रभावित रातो कार्ड प्राप्तलाभग्राहीलाई नक्सापास दस्तूर छूट दिईनेछ ।

२२. **अन्य:**यस ऐनमाउल्लेख नभएका कूराहरु नगरकार्यपालिकाको बैठकको निर्णय एवं प्रचलितकानूनबमोजिमहूनेछ ।